बाँके जिल्ला अदालत
नेपालगन्ज

मिति :-२०७६/१०/१२

पत्र संख्या :-

चलानी नम्बर :- ६५२३

प्राप्त पत्र संख्या र मिति :-

विषय:- **वैतनिक कानून व्यवसायी नियुक्ति सम्वन्धी सुचना।**

यस अदालतमा रिक्त हुने वैतनिक कानुन व्यवसायी पदमा देहायको शर्तको अधीनमा रही काम गर्न इच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस अदालतको प्रशासन शाखामा स्वयं उपस्थित भई निवेदन दिनुहुन यो सूचना प्रकासित गरिएकोछ। म्याद नाघी वा रित नपुगेर आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**विज्ञापन नं.** :- **१/०७६/०७७**

**पदको नाम** :- वैतनिक कानून व्यवसायी

**पद संख्या :- १ (एक)**

**अवधी :- १(एक) बर्ष**

**मासिक पारिश्रमिक** :- कानूनमा तोकिए अनुसार

**प्रदान गर्नुपर्ने सेवा**

१ अदालतले तोकेका असमर्थ पक्षका तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, अदालति लिखत तयार गरी पेश गर्ने, गराउने, आवश्यक कानूनी सल्लाह दिने समेतका कार्य गर्ने।

२.प्रत्येक महिना बढीमा १ दिन भैपरी विदा पाउने र सो विदा संचित गरी अर्को महिनामा लिन पाउने छैन।

३.विदा स्वीकृत गराई अनुपस्थिति रहेकोअवस्थामा बाहेक पूरा कार्यालय समयसम्म अदालतमा उपस्थित भई कार्य गर्नुपर्ने छ।

बाँके जिल्ला अदालत
नेपालगंज
२०२३

४.अदालतको अनुमति लिएर अन्य मुद्दामा वकालत गर्न वा अन्य कुनै अनुसन्धानात्मक कार्य गर्न पाउनेछ।

५.अन्य शर्तहरु जिल्ला अदालत नियमावली,२०७५ को परिच्छेद १३ बमोजिम हुनेछ।

**<u>संलग्न हुनु पर्ने कागजात</u>**

क. कानूनमा स्नातक/स्नाकोत्तर प्रमाणपत्रको प्रतिलिपी,

ख. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी,

ग. सम्वन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपी,

घ. नेपाली नागरिकता प्रमाणित प्रतिलिपी।

छनौटको किसिम :- **अन्तरवार्ता र तोकिएको अन्य आधारबाट हुने।**

सम्पर्क मिति :-२०७६/१०/२८ गते र सो दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट, साथै सम्पर्क मितिको दिन छनौटको प्रक्रिया तय गरिने छ।

**पुनश्च :- अन्य थप जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।**

**श्रेस्तेदार**
**उप-सचिव**